# बंगलाचुली गाउँपालिका

## प्रथम गाउँ सभा

# नीति तथा कार्यक्रम

आ.व. २०७४/०७५

प्रस्तावित मितिः- २०७४/०५/२५

# बंगलाचुली गाउँपालिकाको गाउँ सभामा अध्यक्ष श्री भक्त बहादुर वलीज्यूद्वारा प्रस्तुत

# आर्थिक बर्ष २०७४/०७५ को नीति तथा कार्यक्रम

बंगलाचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कमिरेचौर, दाङ
५ नं. प्रदेश नेपाल

**आदरणीय सभासद्ज्यूहरू,**

नेपाली जनताको बलिदानी पूर्ण संघर्षबाट स्थापित नेपाली जनताको प्रतिनिधि संस्था संविधानसभाबाट संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२, जारी भएपश्चात संविधानले परिकल्पना गरे अनुसार जनप्रतिनिधि मुलक संस्था निर्माणका लागि सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा बंगलाचुली गाउँपालिका वास जनसमुदायले हामीलाई विश्वास गरी अत्यधिक मतले विजयी गराउनु भएकोमा धन्यवाद ज्ञापन गर्दै सबैप्रति आभार तथा कृतज्ञता प्रकट गर्दछु ।

राष्ट्रियता, संघिय लोकतान्त्रिक गणतन्त्र र जनजीविकाको सवालमा भएका संघर्ष र आन्दोलनका विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

विभिन्न कालखण्डमा नेपाली जनताले गरेको वलिदानी पूर्ण आन्दोलन तथा संघर्षहरुको उपलव्धीस्वरुप प्राप्त गणतन्त्रलाई संस्थागत गर्ने एक पाइला स्वरुप जनताको सवैभन्दा नजिकको सरकार स्थानीय तहको निर्वाचन भइ हामिलाई बंगलाचुली बासी जनताको प्रतिनिधिको जिम्मेवारी प्राप्त भएको छ। अव हाम्रो काँधमा जनतका वर्षौदेखिका अधुरा सपना पुरा गर्नुपर्ने दायित्व रहेको छ । अबको हाम्रो जिम्मेवारी भनेको उपलब्ध सिमित स्रोत साधनको महत्तम उपयोग गरी जनताका विकासका चाहना पुरा गर्ने, जनतलाई परिवर्तको महसुस गराउनु र समृद्ध बंगलाचुलीको निर्माण गर्ने रहेको छ । यो नीति तथा कार्यक्रम यसै मर्मलाई सम्वोधन हुनेगरी तयार गर्न प्रयास गरिएको व्यहोरा अनुरोध गर्दछु । साथै यो नीति तथा कार्यक्रम तयार गर्दा निम्न पक्षहरुलाई आधार र मार्गदर्शनको रुपमा लिएको छु ।

- नेपालको संविधान, २०७२ को अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची ।
- नेपालको संविधान, २०७२ को धारा ५९ को आर्थिक अधिकार भाग १९ को आर्थिक कार्यप्रणाली ।
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीयतहको कार्य विस्तृतीकरण ।
- संघीय सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तिय नीतिहरु ।
- स्थानीयतह शासन संचालन ऐन र नियमावलीका प्रावधानहरु ।
- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट समय-समयमा प्राप्त मार्गदर्शन तथा निर्देशनहरु ।
- गाउँ कार्यपालिकाको वैठक, निर्वाचित जनप्रतिनीधिहरुबाट प्राप्त सुझाव, विभिन्न दलका नेताज्यूहरुको सुझाब, विषयगत कार्यालयहरु, गैर सरकारी संस्था, नीजिक्षेत्र, नागरीक समाज, वैदेशिक सहयोग, दातृ निकायबाट प्राप्त सुझावहरु ।
- वस्ती/टोलस्तरीय भेला, वडास्तरीय योजना तर्जुमा गोष्ठि, एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा समिति हुँदै प्राथमिकीकरण गरीएका योजना तथा कार्यक्रमहरु ।
- चौधौ योजना, नेपाल सरकारले अन्तराष्ट्रिय तहमा गरेका प्रतिवद्धताहरू, आर्थिक वर्ष २०७४/७५ को नेपाल सरकारको नीति तथा कार्यक्रम ।

**सभासद्ज्यूहरू,**

अव म बंगलाचुली गाउँपालिकाको **संक्षिप्त परिचय** प्रस्तुत गर्न चाहन्छु ।

दाङ जिल्लाका १० स्थानीय तहहरूमध्ये बंगलाचुली गाउँपालिका एक सुन्दर र प्राकृतिक छठाले भरिपुर्ण साथै महाभारत र चुरे पहाडलाई आफ्नो भुगोल बनाई वसेको अत्यन्त चुनौती र सम्भावनायुक्त गाउँपालिका हो । यस गाउँपालिकाको पूर्वमा प्युठान जिल्ला, पश्चिममा घोराही उपमहपनगरपालिका, दक्षिणमा घोराही उपमहानगरपालिका र राप्ति गाउँपालिका, उत्तरमा रोल्पा जिल्ला र प्युठान जिल्ला रहेका छन् । यहाँको कूल भूभाग २४५.१४ वर्ग कि.मि. मा २४ हजार २ सय पैताली जनताको बसोबास

रहेको छ । जहाँ क्षेत्री, बाहुन, जनजाती, दलित लगायतका जातजातीका मानिसहरु एकआपसमा सहयोग, सद्भाव कायम गर्दै बर्षौदेखि सभ्य समाजका रुपमा बस्दै आएका छन । हाम्रो गाउँपालिका साविक काभ्रे, लोहारपानी, स्यूजा र हाँसिपुर गा.वि.स. मिलेर बनेको हो । यो क्षेत्र बर्षौदेखि पूर्वाधार लगायत मानव विकासका दृष्टीले नेपालको कर्णाली भनेजस्तै दाङ जिल्लाको कर्णाली बन्न पुगेको छ । अब हाम्रो काँधमा यहाँका सम्भावनाहरुलाई उजागर गर्दै दाङ लगायत समग्र देशकै विकासको एक प्रणालीको रुपमा स्थापित गर्ने चुनौती थपिएको छ ।

**सभासद्ज्युहरू,**

अब म गाउँपालिकाले यस आ.ब. मा समग्र विकासका लागि अवलम्वन गर्ने विभिन्न क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

# (क) आर्थिकक्षेत्र :

## १. कृषि तथा पशुपालन

- बंगलाचुली गाउँपालिका वासीलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउन आधुनिक कृषि प्रणालीको शुरुआत गर्ने तथा स्थानीय बाँझो जग्गाहरुलाई खेती गर्न प्रोत्साहित गरीने छ।
- वैदेशिक रोजगारीमा जाने युवा युवतीलाई निरुत्साहित गर्न स्वदेशमै व्यवसायिक शिप तथा तालिम प्रदान गरीने छ।
- एक गाउँ एक कृषि कार्यक्रमलाई सफल वनाउन प्रत्येक वस्तीमा कृषक-प्राविधिक भेटघाट कार्यक्रम संचालन गरीनेछ।
- खेती योग्य बिशेष क्षेत्रलाई प्राङ्गारिक क्षेत्र घोषण गरी प्राङ्गारिक खेती बिस्तार गर्दे आधुनिक कृषि पद्धतीको माध्यमबाट कृषि क्षेत्रको बिकास गरिने छ।
- बंगलाचुलीका विभिन्न क्षेत्रहरुको पहिचान गरी विशेष क्षेत्रलाई गाई, भैसी पालन, बाख्रापालन, माहुरी पालन, कुखुरापालनलाई पशुपालन उद्योगको रुपमा विकास गर्न आवश्यक सहयोग गरिने छ।
- वर्षे पानी संकलन, पोखरी निर्माण, मुहानको संरक्षणबाट स्रोतको व्यवस्था गरी किसानहरुका लागि साना सिंचाई आयोजना संचालन गरिने छ।
- व्यवसायिक रुपमा कृषि र पशुपालन गर्ने किसानहरुको पकेट क्षेत्र निर्धारण गरी उत्पादनका लागि आवश्यक सहयोग गरिने छ।
- किसानको माग वमोजिम कृषि तालिमको व्यवस्था गरिने छ र किसानलाई थप प्रोत्साहन गर्न कृषि भ्रमणको व्यवस्था गरिने छ।
- कृषकको उत्पादनलाई बजारसम्म पुराउने व्यवस्थाका लागि गाउँकेन्द्र कमिरेचैरमा एक कृषि उपज संकलन तथा विक्रि केन्द्र निर्माण गरी संचालन गरिने छ।
- स्थानीय स्तरमा रोजगारी सृजना गर्ने गरी कृषि, वन, खनिज, जडिवुटीमा आधारित उद्योग स्थापना गर्न प्रोत्साहन गरिने छ।
- कृषि व्यवसायमा कृषकको जोखिम न्यूनिकरण गर्न कृषि विमा गर्न कृषकहरुलाई आवश्यक सहयोग गरिने छ ।
- यस क्षेत्रमा कृयाशिल वित्तिय संस्थाले कृषि क्षेत्रमा प्रवाह गर्ने ऋणलाई सर्वसुलभ बनाउन आवश्यक नियामकको कार्य गरिने छ ।

- एक व्यक्ती एक व्यवसाय नीति अबलम्बन गरी व्यवसायलाई आकर्षक र मर्यादित बनाउन आवश्यक नियमनको कार्य गरिने छ ।

## २. पर्यटन

- बंगलाचुली गाउँपालिकाको समग्र पर्यटनको विकासका लागि पर्यटन गुरुयोजना बनाइ कार्यान्वयन गरिने छ । गुरु योजना तयार भइसकेका पर्यटकिय स्थलको गुरु योजना वमोजिमका कार्य यसै आर्थिक वर्षबाट कार्यान्वयनमा ल्याइने छ र अन्य स्थानको अध्ययन तथा गुरु योजना निर्माण कार्य अगाडी वढाइने छ ।
- यस क्षेत्रमा प्रचलित मेला, चाडपर्व, रहन सहन आदिको संरक्षण गरिने छ ।
- विभिन्न मेनुका साथमा सवैको आकर्षक गन्तव्य स्थलको रुपमा विकास गर्न उपयुक्त पर्यटन पूर्वाधार विकास नीति अवलम्वन गरिने छ । कृषिलाई पर्यटनसँग आवद्ध गरी यस क्षेत्रलाई अर्गानिक भिलेजको रुपमा विकास गरिने छ । होमस्टे संचालन लगायत पर्यटन सम्वन्धी तालिम प्रदान गरी युवाहरुलाई पर्यटन व्यवसायमा संलग्न गराइने छ ।
- प्रत्येक वडामा कम्तीमा एक स्थानलाई पर्यटकीय स्थलको रुपमा विकास गरिनेछ ।
- घोराही उपमहानगरपालिकासँगको सहकार्यमा संयुक्त पर्यटन सूचना केन्द्र स्थापना गर्न प्रयास गरिने छ र विभिन्न माध्यमको प्रयोग गरी यस क्षेत्रको पर्यटन प्रवर्द्धन कार्य गरिने छ ।
- बंगलाचुलीको जंगललाई पर्यटन प्रर्वद्धनको लागि जंगल सफारीको रुपमा विकास गरिनेछ ।
- धार्मिक सम्पदाहरूको संरक्षणका लागि उक्त क्षेत्रहरूको सिमाङ्कन तथा तारबार गरिनेछ ।
- यस क्षेत्रका पर्यावरणीय सम्पदाको संरक्षणको लागि विशेष कार्यक्रम ल्याइनेछ ।
- यस क्षेत्रमा पर्यटकको संख्या वृद्धी गर्न घोराही स्युजा स्वर्गद्धवारी मार्ग पहिचान गरी विकास गरिने छ।
- यस क्षेत्रका विभिन्न चुली तथा घना जंगलरूलाई शाहसिक पर्यटनको गन्तब्यका रुपमा विकास गरिनेछ ।
- विद्युत तथा दुरसंचार क्षेत्रलाई व्यवस्थित रुपमा विकास गर्दै सबै वडाहरूमा विद्युत सेवा विस्तार गरिनेछ ।
- कमिरेचौर केन्द्रदेखि स्वर्गद्वारीसम्म केवलकार संचालनका लागि सम्भाव्यता अध्ययन गरिनेछ

## ३. वन तथा खनीज

- वनको संरक्षण तथा उपयोग सम्वन्धि निर्देशिका सामुदायिक वनसँगको समन्वयमा तयार गरी कार्यान्वयन गरिनेछ ।
- कृषि, बन र वातावरण वीचको अन्तरसम्बन्धलाई जनस्तरमा लैजान सचेतनाका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- वन संरक्षण तथा वनको दीगो व्यवस्थापन र उपयोग गरी वनजन्य उद्योगको प्रवर्धन गर्ने, जडिवुटी खेतीको विस्तार गर्ने, तथा भू-संरक्षण र जलाधार व्यवस्थापन गरिनेछ ।
- खनीजको उत्खनन् तथा वन पैदावारको उपयोगलाई दीगो र व्यवस्थित वनाउन आवश्यक नीति तर्जुमा गरी कार्यान्वयन गरिने छ ।

### ४.सहकारी विकास

- **"विकासको तयारी हरेक क्षेत्रमा सहकारी"** भन्ने मूल नाराका साथ सहकारी विकासलाई अगाडि बढाइने छ ।
- सहकारीका माध्यमबाट आर्थिक विकासको निम्ति स्थानीय श्रम, सीप र स्रोत परिचालन गराउन प्रयोग गरिनेछ र यस क्षेत्रका सहकारीहरुको क्षमता अभिवृद्धि गर्न सहकारी सम्वन्धी विभिन्न तालिमहरु संचालन गरिने छ।
- कृषि र महिला सहकारीहरूको व्यापक विकास र विस्तारमा जोड दिइने छ।
- सरकारी, सहकारी र निजी क्षेत्र गरी ३ खम्बे नीती अबलम्बन गरी विकास प्रक्रियालाई अगाडि बढाइने छ ।

# (ख) सामाजिकक्षेत्रः

### १. शिक्षा

- शिक्षा क्षेत्रका समस्या, विसङ्गती तथा अनियमितता अन्त्य गरी गुणस्तरिय शिक्षा प्रदान गर्न गाउँ शिक्षा योजना तयार गरी व्यवस्थित गरीनेछ।
- यस गाउँपालिकामा उच्चमाध्यमिक विध्यालय नभएकोले गाउँकेन्द्रनजिकको श्रीवारी मा.वि.लाई उच्चमाध्यमिक विध्यालय वनाउन आवश्यक सहयोग गरीने छ र अन्य विद्यालयको हकमा पूर्वाधार हेरी उच्च मा.वि. बनाउने प्रकृया अगाडि बढाइने छ ।
- यस क्षेत्रको सुधा मा.वि. लाई प्राविधिक विध्यालयको रुपमा विकास गर्न आवश्यक सहयोग गरिने छ र सवै विध्यालयहरुलाई पुर्वाधार सम्पन्न वनाइने छ।
- विभिन्न क्षेत्रका प्राविधिक जनशक्ति उत्पादन गर्न गाउँपालिकाबाट तालिमहरु संचालन गरिने छ।
- यस गाउँपालिकाका विद्यालयहरूमा शिक्षालाई प्रविधीसंग जोड्दै नमुनाका रुपमा ई–शिक्षा, बिद्युतीय पुस्तकालय कार्यक्रम लागू गरिनेछ।
- शैक्षिक सुधारकालागि अनुगमन र निरीक्षण प्रणालीलाई प्राथमिकतामा राखिनेछ। शिक्षकहरुको क्षमता अभिवृद्धि गर्न तालिमहरु संचालन गरिने छ।
- प्रारम्भिक बालविकासको अवधारणालाई कार्यान्वयन गर्न बालविकास केन्द्रहरूको स्थापना, विकास र सुदृढीकरण गरिनेछ।
- शतप्रतिशत साक्षरता, सबै बालबालिका स्कुलमा भर्ना लगायत दिगो विकासका लक्ष्य प्राप्तिका लागि प्रयास गरिनेछ।
- मूल्याङ्कनमा उच्च नतिजा ल्याउने विद्यालय तथा शिक्षकलाई हरेक वर्ष पुरस्कृत गरिनेछ ।

### २. युवा तथा खेलकुद विकास :

- कृषि र पर्यटन व्यवसायलाई केन्द्रविन्दुमा राखि युवाहरूमा स्वरोजगार भावना र अवसरको विकास गर्दै जोखिमपूर्ण वैदेशिक रोजगारीलाई निरुत्साहित गर्ने गरी युवाकेन्द्रित स्वरोजगारका कार्यक्रमहरू ल्याईनेछ ।
- युवाहरुको खेलकुदप्रतिको रुचीलाई ध्यानमा राख्दै प्रत्येक वडामा खेलमैदान निर्माणका लागि आवश्यक पहल गरिने छ र समय समयमा विभिन्न खेलकुद प्रतियोगिताहरु संचालन गरिने छ।

### ३. आधारभूत स्वास्थ्य तथा सरसफाई

- केन्द्रसरकारको सहयोगमा गाउँपालिका केन्द्र कमिरेचौरमा जिल्ला स्तरको अस्पताल वनाउन पहल गरिने छ र स्वास्थ्य सेवा नपुगेका वडाहरूमा कम्तिमा एक वडा एक गाउँ स्वास्थ्य केन्द्र संचालन गरिने छ।
- विभिन्न गै.स.स. परिचालन गरी पूर्णसरसफाई र निरोधात्मक स्वास्थ्य सेवा अभियान संचालन गरिने छ । यस कार्यमा महिला स्वास्थ्य स्वयसेविकाहरूको योगदानलाई कदर गर्दै उनिहरुको क्षमता अभिवृद्धि गर्न विशेष कार्यक्रम ल्याइनेछ।
- सवै वडाका विकट वस्तीहरुमा स्वास्थ्य सेवा पुराउन समय समयमा घुम्ती स्वास्थ्य शिविर संचालन गरिने छ।
- घर भित्रको वातावरण सफा राख्न धुँवारहित चुल्हो बनाउन प्रोत्साहन गरिने छ।
- यस क्षेत्रमा संचालित निजी औषधि पसलहरुलाई आवश्यक नीति बनाइ व्यवस्थित गरिने छ ।

### ४. लैगिक समानता तथा सामाजिक सुरक्षा

- लोकतान्त्रिक संस्कार युक्त समुदायको निर्माण गर्न पूर्णरुपले लैगिंक हिंसा मुक्त, छुवाछुत मुक्त, जातीय भेदभाव मुक्त, जुवातास मुक्त, धुम्रपान, मध्यपान, लागूऔषध लगायत दूर्व्यसन मुक्त, अन्धविश्वास मुक्त स्थानीय स्वशासन कायम गरिने छ।
- बालमैत्री स्थानीय शासनसँग सम्बन्धित सूचकहरू पूरा गर्न सबै सरोकारवालाहरूसँग समन्वय र सहकार्य गरिने छ।
- बालमैत्री स्थानीय शासनको अभियानलाई सुदृढ र प्रभावकारी बनाउँदै आगामी ५ वर्ष भित्र यसगाउँपालिकालाई बालमैत्री बनाईनेछ।
- बालविवाहबाट हुने विकराल समस्यालाई दृष्टिगत गरी वालविवाह न्यूनीकरणकभियानलाई अन्य विकास कार्यक्रमसंग संयोजन गरिने छ।
- भौतिक संरचना निर्माण गर्दा बालमैत्री पक्षलाई विशेष ख्याल गरिने छ र उपयुक्त स्थान छनौट गरी बाल उद्यानको निर्माण गरिनेछ।
- सामाजिक सुरक्षा भत्ता सेवा ग्राहीलाई पायक पर्नेगरी टोल टोल तथा घरघरमा गई वितरण गरिनेछ ।

### ५. समावेशी विकास र सामाजिक सुरक्षा

- महिला, आदिवासी, जनजाती, दलीत, अपांग लगायतका लक्षित वर्गको सरकारी सेवा लगायत विभिन्न क्षेत्रमा पहुँच बढाउन लोकसेवा आयोग तथा अन्य सेवा आयोगको पूर्व तयारी कक्षा संचालन गरिनुका साथै आय आर्जकालागि सीपमुलक तालिम संचालन गरिने छ।
- प्रत्येक वर्ष गाउँपालिका भित्र सामुदायिक विध्यालयमा अध्ययन गर्ने उत्कृष्ट दलितर र जनजाती विद्यार्थीलाई पुरस्कार स्वरुप छात्रवृत्ति प्रदान गरिनेछ।
- यस गाउँपालिकामा स्थापित लैंगिक हिंसा पुर्नस्थापना केन्द्रको प्रवर्द्धन गरी यस क्षेत्रका लैंगिक हिंसा प्रभावितहरूलाई पुर्नस्थापना गरिनेछ।
- अपांगता भएका व्यक्ति तथा जेष्ठ नागरिकलाई उचित सहयोग र सम्मान गरीने छ।

# (ग) पूर्वाधारक्षेत्र :

- **"सडक यातायात, कृषि, वन र पर्यटन पुर्वाधार-बंगलाचुली समृद्दिको मुख्य आधार"** भन्ने मुल नाराका साथ नीति तथा कार्यक्रम कार्यान्वयन प्रकृयालाई अगाडि वढाइने छ ।

- सडक निर्माण गर्दा गाउँकेन्द्रबाट वडाकेन्द्र जोड्ने र वडा केन्द्रबाट वस्ती जोडने गरी प्राथमिकताका साथ सडक निर्माण गरिनेछ ।
- यस गाउँपालिकाको प्रमुख द्वार र नाकाको रुपमा रहेको घोराही प्युठान सडक लामो प्रयास पश्चात कालोपत्रे हुने प्रकृयामा कार्य प्रारम्भ भएको छ । उक्त सडक गुणस्तरीय रुपमा समयमै सम्पन्न गर्न सम्वन्धित पक्षलाई आवश्यक सहयोगको नीति अपनाइने छ ।
- गाउँपालिका भित्र विकसित भइरहेका बजार तथा व्यापारिक केन्द्र र सबै वडालाई समेटने गरी **कृषि तथा व्यापार चक्रपथको** योजना बनाई कार्यान्वयनमा ल्याइने छ ।
- जथाभावी रुपमा सडकको ट्रयाक खोल्ने कार्यलाई निरुत्साहित गर्न सडक यातायात गुरु योजना निर्माण गरी कार्यान्वयनमा ल्याइने छ ।
- आगामी ५ वर्ष भित्र सबै वडाका प्रत्येक वस्तीमा सडक पुऱ्याउने लक्ष्यलाई पुरा गर्ने गरी सडक निर्माण कार्य अगाडि वढाइने छ ।
- भूमिको बनोट विशेषता र उपायोगिताका आधारमा भू उपयोग गर्ने गरी पाइलट प्रोजेक्टको रुपमा यसै आर्थिक वर्षमा एक दलित र जनजाती वस्तीमा **वस्ती विकास कार्यत्रम** संचालन गरिने छ ।
- बर्सौदेखि बंगलाचुली वासिले भोग्दै आएको खानेपानीको समस्या समाधान गर्न हाल कार्यान्वयनको क्रममा रहेका अपलिफ्ट खानेपानी आयोजना यसै आर्थिक वर्ष भित्र सम्पन्न गर्ने गरी स्रोतसाधनको व्यवस्था गरिने छ । साथै अन्य स्थानको हकमा मुहानको खोजि संरक्षण र संभाव्यता अध्ययन गरी आयोजना कार्यान्वयनको प्रक्रृया अगाडि बढाईने छ ।
- जलस्रोतलाई बहुउद्धेश्यीय प्रयोजनको रुपमा जस्तै उर्जाको बिकास, सिचाई सुबिधाको उपलब्धता र बिस्तार, स्वच्छ खानेपानी आपूर्तिको स्रोत, पर्यटन र वातावरण स्वच्छता आदिसँग आवद्ध गरी विकास गरिनेछ ।
- योजना/आयोजनाहरुको प्राथमिकीकरण गर्दा वस्ती/टोल स्तरीय हुँदै वडास्तरवाट प्राथमिकीकरण भई आएका यथार्थतामा आधारित योजनाहरुको प्राथमिकीकरण गरी कार्यान्वयन गरीनेछ ।
- योजना प्राथमिकरण गर्दा प्राविधिक प्रतिवेदन, सामाजिक अध्ययनलाई आधार मानिनेछ ।
- योजना कार्यान्वयन प्रकृयामा शुसाशन कायम गर्न आवश्यक नीति नियम बनाइने छ ।
- अरङखोला र अर्जुन खोलामा साना जलविद्युत आयोजनाका लागि संभाव्यता अध्ययन गरिने छ ।
- बंगलाचुलीलाई संचारसँग आवद्ध गर्न सामुदायिक एफ.एम. संचालनका लागि आवश्यक समन्वयन र सहयोग गरिने छ ।
- जनताको आवागमनलाई सहज बनाउन विभिन्न खोला तथा पुलेसाहरुमा झोलुङ्गेपुलको संभाव्यता अध्ययन गरी निर्माण कार्य अगाडि बढाइने छ ।

# (घ) वन, वातावरण तथा विपद व्यवस्थापन :

- योजना छनौट र कार्यान्वयन गर्दा वातावरण संरक्षण, लक्षित वर्ग लाभान्वित हुने, स्थानीय सीप र क्षमताको परिचालन हुने जनताको व्यापक सहभागीता हुने श्रममुलक कार्यक्मलाई प्राथमिकता दिइनेछ ।
- भवन निर्माण मापदण्ड, २०७२ र राष्ट्रिय भवन संहिता, २०६० अनुसार भुकम्प प्रतिरोधात्मक घर तथा भवन निर्माण गर्न तालिम तथा घर नक्सापास प्रक्रियालाई अगाडि वढाइने छ ।
- जलवायु परिवर्तनका असरहरुलाई न्यूनीकरण गर्न जलाशयहरूको निर्माण, वर्षे पानीको संकलन र मुहानको समुचित उपयोगबाट खानेपानी र सिंचाईको व्यबस्थापन गरिनेछ जसको लागि स्थानहरूको पहिचान सहित विस्तृत परियोजना प्रतिवेदन तयार पार्न आवश्यक बजेट विनियोजन गर्नेछु ।
- पानीका स्रोत संरक्षण गर्न **एक वडा एक पोखरी** को अवधारणालाई अवलम्वन गरिने छ ।

- विपद व्यवस्थापनका लागि विपद व्यवस्थापन कोष स्थापना गरिने छ र निर्देशिका वनाइ कार्यान्वयनमा ल्याइनेछ ।
- वनको संरक्षण तथा उपयोग सम्वन्धि निर्देशिका सामुदायिक वनसँगको समन्वयमा तयारगरी कार्यान्वयन गरिनेछ ।
- कृषि, बन र वातावरण वीचको अन्तरसम्बन्धलाई जनस्तरमा लैजान सचेतनाका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- वन संरक्षण तथा वनको दीगो व्यवस्थापन र उपयोग गरी वनजन्य उद्योगको प्रवर्धन गर्ने, जडिबुटी खेतीको विस्तार गर्ने, तथा भू-संरक्षण र जलाधार व्यवस्थापन गरिनेछ ।
- यस क्षेत्रका सार्वजनिक जग्गा अतिक्रमणको कार्यलाई निरुत्साहित गरिनेछ र गाउँपालिका भित्र रहेका सबै सार्वजनिक जग्गा संरक्षणका लागि निर्देशिका तयार पारी सरोकारवाला निकायहरूसँग समन्वय गरी सार्वजनिक जग्गाको संरक्षण गरिनेछ ।
- भूउपयोग नीति बनाई सोही अनुसार आवास, बजार, उत्पादन, वातावरण र सेवा क्षेत्र विकास गर्दै लगिनेछ ।
- छरिएर अनियन्त्रित रुपमा जोखिमयुक्त तरिकाले बसेका बस्तीहरुको पूर्वाधार विकासमा बाधा पग्न सक्ने हुँदा विकासको पहुँच पुऱ्याई जोखिम न्यूनिकरण गर्न एकिकृत बस्ती विकास कार्यक्रम अबलम्बन गरिने छ ।

## (ङ) संस्थागत विकास, सेवा प्रवाहः

- विषयगत विज्ञहरुको विज्ञतालाई महत्तम उपयोग गरी समृद्ध बंगलाचुली निर्माण गर्न स्थानीय स्तरमा एक गाउँ योजना आयोग र विभिन्न **विषयगत समितिहरू गठन** गरी विज्ञताको उपयोग गरिनेछ ।
- समग्र बंगलाचुलीको सामाजिक, सांस्कृतिक, आर्थिक, वन तथा खनिज र भौतिक पूर्वाधार विकासका लागि गुरुयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- योजना भनेको भविष्यमा पुरा गरिने सपना हो । योजना परिमाण मुखी भन्दा परिणाम मुखी हुन जरुरी छ। त्यसैले योजनाबद्ध विकासका लागि आवधिक योजना निर्माणगरी कार्यान्वयन गरीने छ ।
- नागरीक वडापत्र, उजुरीपेटिका, खर्चको सार्वजनिकीकरण, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, कर्मचारीको क्षमता विकास गरी सुशासनको अवधारणलाई अगाडि बढाइने छ ।
- आफ्नो भवन नभएका वडा कार्यालयहरूको लागि सार्वजनिक जग्गाको पहिचान गरी बहुउद्देश्यीय भवन निर्माणको काम थालनी गरी एकिकृत सेवा प्रवाहको थालनी गरिनेछ ।
- गाउँ कार्यपालिका अन्तर्गतका विषयगत शाखाहरू जनताको आवश्यकताको सम्बोधन गर्न सक्षम, नवीनतम तरीका र आधुनिक प्रविधिको उपयोगमा सिर्जनशील तथा जनता प्रति दयालु र सहयोगी हुँदै मुस्कान सहितको सेवा गर्न अग्रसर हुने बनाइनेछ ।
- भ्रष्टाचार तर्फ सुन्य सहसिलताको नीति अवलम्वन गरिने छ ।
- गाउँपालिकाका पदाधिकारी र कर्मचारीको लागि आचार संहिता तयार गरी लागू गरिनेछ । कर्मचारीहरूको कार्यसम्पादनको आधारमा 'पुरस्कार' र 'दण्ड' को व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको व्यक्तिगत घटना दर्ता कार्यलाई अनलाइन गरिने छ र स्थानीय तथ्याङ्क सम्बन्धी कानून, नीति, मापदण्ड, योजना तर्जुमा गरी कार्यान्वयन र नियमन गरिने छ ।

- गाउँपालिकाको न्यायिक समिति मार्फत विवादहरूको व्यवस्थापन र मेलमिलाप सम्बन्धी कार्यहरू सञ्चालन गरी स्थानीय न्याय प्रणालीलाई प्रभावकारी बनाईने छ
- सिंहदरवारको अधिकार गाउँगाउँमा भन्ने भनाइलाई मुर्त रुप दिन गाउँगाउँमा घुम्ती सेवा शिविर संचालन गरिने छ ।
- अति विपन्न परिवारका लागि रासन कार्ड उपलब्ध गराई दैनिक उपभोग्य बस्तुमा राहतको व्यवस्था गरिने छ।
- घोराही-मुर्कुटी लगायत यस क्षेत्रका विभिन्न ठाउँमा नियमित यातायात संचालन गर्न यातायात व्यवसायीहरुलाई आवश्यक सहयोग सहित अनुरोध गरिनेछ ।
- घोराही-कमिरेचौर बाटोमा हिलो र धुलोले यात्रुलाई पारेको समस्याप्रति गाउँपालिका गम्भिर हुँदै उक्त बाटोको आवागमन सहज बनाउन सम्बन्धित पक्षलाई जिम्मेवार बन्न आवश्यक निर्देशन गरिनेछ ।

## (च) आन्तरिक आय, राजश्व परिचालनर वित्तीय सुशासनः

- गाउँपालिकालाई आत्मनिर्भर वनाउन राजस्व सम्भाव्यता अध्ययन गरी आन्तरिक स्रोत परिचालन अभियान संचालन गरीनेछ।
- प्राकृतिक साधन स्रोतको समुचित परिचालन र दीगो तथा आत्मनिर्भर विकास नीतिको अनुशरण गरी बंगलाचुलीको आर्थिक विकास गरिनेछ।
- स्थानीय कर प्रणालीलाई वैज्ञानिक र समृद्ध वनाउन राजस्व परामर्श समितीको सिफारीसमा नयाँ स्थानीय कर नीति अवलम्वन गरिने छ।
- विकास निर्माण र प्रशासनिक कार्यमा दण्ड र पुरस्कार प्रणाली अवलम्वन गरीनेछ।
- सार्वजनिक वित्त जोखिम न्यूनीकरणकका उपायहरु अवलम्वन गरी वित्तीय जोखिम घटाइने छ।